नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २३६ २०८३ साल बैशाख ११ गते शुक्रबार (24 Apr 2026 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : हलिया मुक्ति घोषणाको १८ वर्ष ... ३ पृष्ठमा : सम्पत्ति छानबिन आयोगले ... ३ पृष्ठमा : होर्मुज खुलाउन इरानद्वारा ...

# १२ दिनदेखी एक यूवक वेपत्ता
# २० दिनपछि वेपत्ता अर्को यूवक फेला


बिरेन्द्र राम (सम्पर्कविहीन)


विनोद कुमार साह (फेला परेका)

**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

सप्तरीका एक युवक १२ दिन अघि बेपत्ता भएका छन् भने भारतको उत्तरप्रदेश राज्यस्थित बनारस शहर गएका अर्का युवा बेपत्ता भएको २० दिनपछि बिहीबार भेटिएका छन् ।

सप्तरीको सप्तकोशी नगरपालिका २ सिद्धिपुर टोलका ४३ बर्षीय बिरेन्द्र राम परिवारजनसँग सम्पर्क बिहीन भएका हुन् ।

परिवारजनले रामको हुलिया विवरण सहित इलाका प्रहरी कार्यालय कञ्चनपुरमा निवेदन दिँदै खोज तलाशका लागि आग्रह गरेका छन् ।

पेशाले सवारी चालक रहेका राम एक वर्ष अघि भएको दुर्घटनामा गम्भिर घाईते भएका थिए । स्वास्थ्य लाभ भएपछि मजदुरी पेशामा लागेका राम अचानक बेपत्ता भएपछि आफु सहित तीन सन्तानको विच्चली भएको पत्नी मजा देवीले सुनाईन् ।

वडाध्यक्ष जाहिर हुसेनले सबैतिर खोजी सक्दा पनि राम अझै फेला पर्न नसकेको र आफुहरु समेत खोजी कार्यमा निरन्तर जुटेको बताएका छन् ।

यता रोजगारीका लागी बनारस पुगेर बेपत्ता भएका सप्तरीको खडक नगरपालिका ११ का ३० बर्षीय विनोद कुमार साह बिहीबार सम्पर्कमा आएको बुवा रामकृष्ण साहले जानकारी दिएका छन् ।

बनारसमा बेपत्ता भएका छोराको खोजी कार्यका लागि सोही ठाउँस्थित भारतीय पुलिस कार्यालय तथा सहयोगका लागि जिल्ला प्रहरी कार्यालय सप्तरीमा हुलिया विवरण सहितको निवेदन दिएको २० दिनपछि छोरा विनोद फेला परेको बुवा रामकृष्णले जानकारी दिए ।

*बाँकी अन्तिम पृष्ठमा*

# मुलुकभर तापक्रम बढेपछि सतर्कता अपनाउन अनुरोध

**दैनिक समाचारदाता**
**काठमाडौं, १० वैशाख ।**

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मुलुकभर तापक्रम बढेपछि आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

महाशाखाका अनुसार मधेस प्रदेशलगायत कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका तराई साथै उपत्यका र खोँचहरूमा तातो दिन हुने सम्भावना रहेको छ ।

त्यस्तै लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा तातो हावाको लहरको पनि सम्भावना देखिएकोले महाशाखाले पछिल्लो सूचनामा अध्यावधिक रहन तथा आवश्यक सतर्कता अपनाउनुहुन अनुरोध गरेको छ ।

# राष्ट्रियसभा सदस्य कर्णद्वारा साइबर ब्युरोमा उजुरी

**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

नेपाली कांग्रेसका राष्ट्रियसभा सदस्य रञ्जित कर्णले नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएका छन् ।



आफूविरुद्ध प्रकाशित भ्रामक र असत्य समाचारप्रति आपत्ति जनाउँदै सांसद कर्णले साइबर ब्युरोमा उजुरी दिएका हुन् ।

सामाजिक सञ्जालमा आफूले नबोलेका कुरा तोडमोड गरी प्रस्तुत गरिएको भन्दै आफूले उजुरी दिएको कर्णले बताए ।

उजुरी दिएपछि सांसद कर्णले कांग्रेस प्रेस स्वतन्त्रतामा विश्वास गर्ने पार्टी भएको र आफू पनि त्यसप्रति प्रतिबद्ध रहेको बताए । तर गलत सूचना फैलाएर व्यक्तिको चरित्र हत्या गर्नु प्रेस स्वतन्त्रता नभएको उनको भनाइ थियो ।

'प्रेस स्वतन्त्रता भनेको जिम्मेवारी सहितको स्वतन्त्रता हो,' कर्णले भने ।

कर्णले प्रधानमन्त्री सँग सोधेको प्रश्नलाई पनि तोडमोड गरेर आफू विरुद्ध भ्रम फैलाइएको बताए । आफूले समान कानुनी मापदण्डबारे प्रश्न उठाएको स्पष्ट पार्दै कर्णले 'बालुवाटार जलाउने धम्की' दिएको भन्ने आरोप असत्य भएको बताए । यदि त्यस्तो प्रमाण भए कानुनी कारबाही भोग्न तयार रहेको उनको भनाइ छ ।

# सरकारी विज्ञापन नीति बिरुद्ध आपत्ति जनाउँदै पत्रकारद्वारा प्रधानमन्त्रीलाई ज्ञापन



**दैनिक समाचारदाता**
**राजविराज, १० बैशाख ।**

नेपाल पत्रकार महासंघ सप्तरीले सरकारी विज्ञापन नीति बिरुद्ध आपत्ति जनाउँदै बिहीबार प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

शाखा सप्तरीका सभापति श्रवण देव, केन्द्रिय सदस्य ललिता साह, प्रदेश उपाध्यक्ष अम्बिका दाहालसहित जिल्ला प्रशासन कार्यालय सप्तरी पुगेको संचारकर्मीको टोलीले सरकारी विज्ञापन नीति बिरुद्ध आपत्ति जनाउँदै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

त्तर्सविज्ञापन क्षेत्रमा देखिएका वेथिति नियन्त्रण गर्ने सरकारी प्रयास सकारात्मक भएपनि सोही नाममा सरकारी विज्ञापनलाई सरकारी संचारमाध्यममा मात्र सीमित गर्नु संविधान, कानुन, अन्तराष्ट्रिय मुल्य मान्यता तथा संघीयताको मर्म विपरीत र आपत्तिजनक रहेको ज्ञापनपत्रमा उल्लेख छ ।

नेपाली सञ्चार क्षेत्र लामो समयदेखि आर्थिक जर्जरताबाट गुज्रिरहेको उल्लेख गर्दै ज्ञपनपत्रमा सोही कारण श्रमजीवी पत्रकारले नियमित पारिश्रमिक लगायत प्रचलित कानुनबमोजिम सेवासुविधा प्राप्त गर्न नसकेको तथा सञ्चारमाध्यमको निरन्तरतामाथि गम्भीर प्रश्न उत्पन्न भएको जनाइएको छ ।

यस्तो जटि परिवेशमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवस्तरीय निर्णयका नाममा २०८२ चैत १८ गते संघीय सरकारका सबै निकाय, प्रदेश सरकार र स्थानीय तहहरूलाई सरकारी सञ्चारमाध्यममा मात्र सरकारी विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने निर्देशनात्मक परिपत्रले

*बाँकी अन्तिम पृष्ठमा*

**होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?**

विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ अनुसार,
- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिंदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

त्यसैले अनुमति प्राप्त गर्न:
- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

## सम्पादकीय

### गर्मीबाट बचौं

अहिले केही दिनयता देशभरि नै गर्मी अत्याधिक बढेको छ । तापक्रम बढ्दै जाँदा जनजिवन पनि प्रभावित बन्दै गइरहेको छ । बिहानै प्रचण्ड गर्मीले साँझ सूर्य नअस्ताउन्जेल जनजीवन प्रभावित बनाएको छ । सूर्य अस्ताउँदा पनि तापक्रम भने झर्ने क्रम रोकिदैन । राती पनि दिउँसो झैं गर्मी महसुस हुने गरेको छ । अत्याधिक गर्मीका कारण पसल, बजार, सरकारी कार्यालहरुमा सेवाग्राहीको उपस्थिति पातलिदैं गएको छ ।

यता गर्मीका कारण वृद्धवृद्धा र बालबालिका नै बढी प्रभावित बनेका छन् । मधेशमा लामखुट्टे र सर्पको बिगबिगी समेत बढ्दा अर्को समस्या थपिएको छ । गर्मीका कारण यस्तो मौसममा अत्यावश्यक काम नभए घर बाहिर ननिस्कन चिकित्सकहरुको सल्लाह रहेको छ । निस्कनै परे सकभर सुतीका हल्का र पातला पोशाक लगाएर निस्कन जरुरी हुन्छ । साथै छाता र कालो चश्मा लगाएर बाहिर निस्कनु लाभप्रद हुन्छ । गर्मीका बेला प्रसस्त पानी पिउन चिकित्सकहरु सुझाव छ ।

तसर्थ गर्मीबाट बच्न र बचाउन सबैले आवश्यक सावधानी अपनाउनु जरुरी छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# हलिया मुक्ति घोषणाको १८ वर्षः ‘व्यवस्था फेरियो, अवस्था उस्तै’

**सुशील दर्नाल**

काठमाडौं, १० वैशाख (रासस) ।

अछाम जिल्लाको साँफेबगर नगरपालिका-४ स्थित साँफे बगरका तारा आउजी अहिले पनि हलिया बस्नुभएको छ । आफ्नो बाबुबाजेले कुनै बेला साहुसँग लिएको ऋण तिर्न नसक्दा ब्याजमा उहाँले मुक्त हलियाको रुपमा काम गर्दै आउनुभएको हो । तर उहाँसँग मुक्त हलियाको परिचयपत्र नै छैन । सरकारले पुनःस्थापनाका लागि लागत लिने क्रममा आउजीलाई छुटायो ।

साफेबगर-४ मा आउजी जस्तै २०/२५ घर गणनामै छुटेका छन् । सोही ठाउँका दिनेश लुहार मष्टामाडौं निवासी झपट कुँवरको घरमा हलिया बसेको वर्षौं भयो तर उनको पनि परिचयपत्र बनेको छैन । सुरेन्द्र भूल अर्का हलिया हुन् । सात/आठ बोरा धान र तीन/चार बोरा गहुँ लिने शर्तमा पुस्तौंदेखि स्थानीय ध्रुव कुँवरको घरमा अलि बस्दै आएका सुरेन्द्र भूलको नाममा पनि परिचयपत्र  बसको छैन ।

त्यसैगरी बझाङ जिल्लाको थलारा गाउँपालिका-३ स्थित दिपिलका जोगी नेपालीले गरिबीका कारण स्थानीय हरिसिंह रावलबाट १२ हजार ऋण लिएपछि २० वर्षदेखि हलिया बस्नु पर्‍यो । स्थानीय मधुरा कामीले भन्नुभयो, “मेरो न घर छ, न त जग्गा छ, म छुट हलियामा छु, तर सहयोग गर्ने केही छैन ।” यो बस्तीका दलित समुदाय अहिले पनि पुरानै हिसाबले हलिया बसेका छन् । उहाँहरू केही उदाहरण मात्रै हो ।

कर्णालीका रुकुम (पश्चिम भाग), सल्यान, डोल्पा, जुम्ला, मुगु, कालीकोट र दैलेख गरी सात जिल्ला र सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली गरी नौ वटै जिल्लाका करिव १९ हजार हलिया सरकारले लिएको लगत सङ्कलनमै छुटेका छन् । सरकारले मुक्त हलिया घोषणापछि पुनःस्थापन नगर्दा अहिले पनि सुदूरपश्चम र कर्णालीका कतिपय स्थानमा हलि नै बस्न बाध्य छन् ।  कृषि बधुँवा मजदुरका रुपमा काम गरिनै रहेका छन् ।

वर्षौं पहिला साहुँसँग लिएको पुस्तौनी ऋणको ब्याज स्वरुप पुस्तौँसम्म साहुको हलो जोत्दै (बाँधा मजदुर) आएका छन् । उनीहरूले मानब अधिकार र सामाजिक न्यायको प्रत्याभुति गर्न पाएका छैनन । आफ्नो अस्तित्व र जीविकाको लागि भूमिहीन श्रमिक किसानको जमिन्दारमाथि निर्भर छन् । ऋण र जमिन नै भूदासलाई जमिन्दारको जमिनसित बाँधिराख्ने मुख्य साधन बनेका छन् ।  अहिलेपनि जमीन्दारले आफ्नो सम्पूर्ण खेतीपातीको र अन्य घरेलु आवश्यकताको बखत बिना झन्झट श्रमिकमा लगाइरहेका छन् ।

बिना पारिश्रमिक सित्तैमा हलो जोताइरहेका छन् । श्रमिक किसानले ऋणको ब्याज, जमिनको भाडा वा खाने अन्नको मूल्य तिर्नुपर्ने बाध्यताबाट मुक्त हुने आशामा बँधुवा बनिरहेका छन् । भूमिहीन भएकै नाममा बँधुवा श्रमिकका रुपमा जमिन्दारको जमिनसित पुरापुर बाँधिएका छन् । उनीहरूलाई जमिन्दारको स्वीकृतिबिना त्यो जमिनमा बाहेक अन्यत्र काम गर्ने व्यक्तिगत स्वतन्त्रता छैन ।

देश लोकतान्त्रिक गणतन्त्रमा छ तर देशको एउटा समूहले बाँधाको जीवन बाचिरहेको छ । हलिया प्रथाः सामन्तवादी भूदास प्रथाकै एउटा रुप जिवित छ । हलि प्रथा लोकतान्त्रिक गणतन्त्रको अनुहारमा कुरुप दाग भएर रहेको छ । यसले समाजवादको मुख्य सिद्धान्त सामाजिक न्याय, समतामुलक विकास र समावेशिताको ध्वज्जी उडाएको छ । उच्च जात र जातितन्त्रसँग पनि जोडिएको यो प्रथा सम्पन्न र कथित ‘ठूलो जात’ का मानिस वा जमिन्दारले आफ्नो जमिन आफैँ नजोत्ने, आफ्नो खेतबारीमा कृषि उत्पादनका लागि आफूले श्रम नगर्ने, आफ्नो घरको काम पनि आफूले नगर्ने संस्कृति र सामाजिक प्रणाली कायमै छ ।

नेपालको हलिया जस्तै युरोपमा सामन्ती भूदास प्रथा १९ सौं शताब्दीको मध्यतिरबाट समाप्त भइसकेको छ । एसियाली मुलुकमध्ये चीनमा सन् १९४९ को जनवादी क्रान्तिपछि प्रारम्भ गरिएको भूमिसुधार कार्यक्रमले सामन्ती भूदास प्रथालाई हटाएको थियो । रुसमा त्यहाँका जार अलेक्जेण्डर दोस्रोको पहलबाट सन् १८६१ मा आएर यस्तो भुदास प्रथा समाप्त पार्ने पहल थालिएको थियो । तर, नेपालमा आजको २१औँ शताब्दीमा पनि सोही प्रकृतिको हलिया प्रथा कायम छ । सरकारले हलिया मुक्तिको घोषणा गरेको १८ वर्ष हुँदा पनि मुक्त हुन सकेको छैन ।

### घोषणा भएको १८ वर्ष हुँदा पनि समस्या ज्यूँका त्यूँ

हलियाहरूको लामो सङ्घर्षपछि सरकारले २०६५ भदौ २१ गते हलिया मुक्तिको घोषणा गर्‍यो । त्यसपछि सरकारले १६ हजार ३२२ हलिया प्रमाणित गर्‍यो । आर्थिक वर्ष २०६७/६८ देखि नै मुक्त हलिया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रमहरू सञ्चालन भयो । यद्यपि, घोषणा भएको पाँच बर्षपछि २०७० सालमा मुक्त हलिया पुनःस्थापनको ढाँचा र कार्ययोजना स्वीकृत गरी पुनःस्थापना कार्यक्रम सञ्चालनमा आएको देखिन्छ ।

सरकारको तथ्याङ्कअनुसार पुनःस्थापना सुरु भएको लामो समय बर्ष बितिसक्दा पनि १६ हजार ३२२ मध्ये अझै दुई हजार ३६७ प्रमाणित हलिया परिवारले परिचय पत्र नै पाउन सकेका छैनन् । परिचयपत्र पाएकामध्ये पनि एक हजार १३५ ले पुनःस्थापनाको प्याकेज पाउन सकेका छैनन । यसरी हेर्दा अन्तिम प्रमाणीकरण भएका १६ हजार ३२२ कुल हलिया परिवारमध्ये ८५ प्रतिशत (१३ हजार ९५५ हलिया परिवार) ले मात्र परिचयपत्र प्राप्त गरेको र ७८ प्रतिशतले मात्र पुनःस्थापनाको प्याकेज पाएको देखिन्छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार हलियाको परिचयपत्रको वर्गीकरणको प्रवृत्ति हेर्दा १२ प्रतिशतले ‘क’ वर्गको परिचयपत्र दिएको देखिन्छ । त्यसैगरी २७ प्रतिशतले ‘ख’ वर्गको, ५ प्रतिशतले ‘ग’ वर्गको र ५६ प्रतिशतले ‘घ’ वर्गको परिचयपत्र पाएका छन् । २०७० जेठदेखि २०७६ वैशाखसम्मको छ वर्षमा वर्गीकरण मुताबिक एक हजार ६०१ हलिया परिवारको लागि जग्गा किन्ने काम भएको सरकारी तथ्याङ्क छ, दुई हजार २०३ घर निर्माण भएको देखिएको छ । आठ हजार ४२७ घर मर्मत भएका छन् । राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको यो तथ्यांक भने फरक  छ ।

राज्यले बधुँवा श्रमिकका रुपमा काम गरिरहेका मुक्त हलियाहरूको मुक्तिको घोषणासँगै सबै प्रकारका विभेद तथा शोषणहरूको अन्त्य, न्यायिक पुनःस्थापना, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अधिकारको सुनिश्चित गरी मुलप्रवाहमा ल्याउने भने पनि त्यसको पूर्ण कार्यान्वयन हुन नसकेको राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको भनाइ छ । महासङ्घका उपाध्यक्ष पर्वत सुनारले सरकारले पुनःस्थापनाको नाममा केही जग्गा/जमिनको व्यवस्था गरे पनि उनीहरूको रोजगारी, शिक्षा, स्वास्थ्य वा अन्य आयआर्जनका कार्यक्रम नभएको बताउनुभयो ।

नेपाल सरकार र हलिया महासङ्घबिच २०६५ सालमा भएको पाँचबुँदे सहमति अनुसार पुनःस्थापना नभएको उहाँको भनाइ छ । सुदूरपश्चिम र कर्णाली प्रदेशमा रहेका मुक्त हलियाहरूको आधारभूत मात्रामा पुनःस्थापना कार्य आजसम्म पनि सम्पन्न हुन नसकको राष्ट्रिय मुक्ति हलिय समाज महासङ्घ नेपालका अध्यक्ष ईश्वर सुनारको भनाइ छ । सरकारले २०७८ सालमा गठन गरेको ‘मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति’ को प्रतिवेदनले ‘हलियाको वर्गिकरण एकदमै अवैज्ञानिक र त्रुटिपूर्ण ढङ्गले भएको देखिन्छ’ भनेको छ ।

प्रतिवेदनले भनेको छ, ‘कमैयाको वर्गीकरणलाई नक्कल गर्न खोज्दा यस्तो हुन गएको देखिन्छ, आफ्नो स्वामित्वमा घर र जग्गा भएको व्यक्ति हलिया नै हुँदैनन्, जग्गा त भएको तर त्यसले आवश्यकता र औचित्य नै देखिदैन, जग्गा त भएको तर त्यसले कति महिना खान पुग्छ भन्ने आधारमा ‘ख’ र ‘ग’ को वर्गिकरण हुनुपर्ने हो, तर त्यसो गरिएको देखिँदैन ।’

यसबीचमा सरकारले सरकारले ‘मुक्त हलिया पुनःस्थापन  समस्या समाधान समिति’, ‘मुक्त हलिया पुनःस्थापन समन्वय समिति’ पुनःस्थापना कार्यान्वयनका लागि जिल्लामा ‘मुक्त हलिया पुनःस्थापन जिल्ला समिति’ को पनि गठन गरेर हलिया समस्या समाधान गनै खोजेको देखिन्छ । २०६८ सालमा ‘मुक्त हलिया पुनःस्थापना तथा अनुगमन कार्यदल’ गठन भएको थियो । सरकारले पछिल्लो पटक २०७८ सालमा गठन गरेको ‘मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति’ ले पहिलो नम्बरमा छुट हलियाको लगत सङ्कलन गर्नुपर्ने सुझाव दिएको छ ।

### सरकार र दलको प्रतिबद्धता : प्रतिबद्धतामै सीमित

नेकपा (एमाले) ले २०७९ को घोषणापत्रमा ‘कुनै पनि नेपाली नागरिक आवासविहीन अवस्थामा रहनुपर्ने छैन’ भनि ग्यारेन्टी गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । २०८१ सालमा एमालेका अध्यक्ष केपी शर्मा ओली शर्मा नेतृत्वको सरकारले ‘भूमिमा किसानको सहज पहुँच स्थापित गर्न भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने’ साझा सङ्कल्प गरे पनि कार्यान्वयन हुन सकेन । त्यसैगरी सुकुम्बासी, हलिया र पुस्तौंदेखि गुठी जग्गा कमाइरहेका किसान र श्रमिकका समस्या समाधान गर्ने पनि एमाले नेतृत्वको सरकारको सङ्कल्प थियो ।

नेपाली कांग्रेसले २०८२ सालको निर्वाचनको आफ्नो घोषणा पत्रमा ‘विपन्न, दलित तथा पिछडिएका समुदाय लक्षित सुरक्षित आवासलाई अभियानको रूपमा सञ्चालन गरी पाँच वर्षभित्र घरबिहीन अवस्थाबाट सबै नेपालीलाई मुक्त गर्छौं’ भनेको छ । तर, यो पार्टीले हलिया समुदायको समस्या समाधान गर्न हपलसमेत गरेको देखिँदैन । नेकपा (माओवादी केन्द्र) ले पनि २०७९ सालको चुनावी घोषणा पत्रमा सुकुम्बासी र हलियाको समस्या समाधान गर्ने भनेको थियो । तर, चुनावलगत्तै प्रधानमन्त्री बन्नुभएको माओवादी अध्यक्ष पुष्पकमल दाहालले पनि यो समस्या समाधान गर्न सक्नुभएन ।

वर्तमान सरकारले गत चैत्र १३ गते सार्वजनिक गरेको ‘शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची’ मा देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने र

***बाँकी तीन पृष्ठमा***

# सम्पत्ति छानबिन आयोगले सुरु गर्‍यो काम

काठमाडौँ, १० वैशाख (रासस)।

मुलुकमा व्याप्त भ्रष्टाचार र दण्डहीनता अन्त्य गर्ने लक्ष्यका साथ सरकारले गठन गरेको 'सम्पत्ति छानबिन आयोग'ले बुधबारदेखि औपचारिक रूपमा कार्य प्रारम्भ गरेको छ।

विसं २०८३ वैशाख २ गतेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधीश राजेन्द्रकुमार भण्डारीको अध्यक्षतामा पाँच सदस्यीय आयोग गठन गरेको थियो। आयोगको कार्यालय केशरमहलमा स्थापना गरिएको छ। आयोगका नवनियुक्त अध्यक्ष भण्डारीले बुधबारै कायममुकायम (कामु) प्रधानन्यायाधीश सपना प्रधान मल्ल समक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गर्नुभयो भने अन्य सदस्यहरू तत्कालीन पुनरावेदन अदालतका पूर्वमुख्यन्यायाधीश पुरुषोत्तम पराजुली, उच्च अदालतका पूर्वन्यायाधीश चण्डीराज ढकाल, पूर्वप्रहरी नायब महानिरीक्षक गणेश केसी र चार्टर्ड अकाउण्टेन्ट प्रकाश लम्साललाई अध्यक्ष भण्डारीले शपथ गराउनुभएको हो।

जाँचबुझ ऐन २०२६ बमोजिम कार्यसम्पादन गर्ने जिम्मेवारी पाएको यस आयोगको कार्यसम्पादन सर्त (टिओआर) समेत स्वीकृत भइसकेको छ। एक वर्षको कार्यकाल तोकिएको यस आयोगले सार्वजनिक पदमा रहेका, सेवानिवृत्त भएका वा पदबाट हटिसकेका पदाधिकारी र तिनका परिवारको नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्ति विवरण सङ्कलन गरी सूक्ष्म जाँचबुझ गर्नेछ।

आयोगले कुनै पनि व्यक्तिको अनुसन्धान सम्पन्न हुनासाथ प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गर्नुपर्ने प्रावधान रहेको छ, जसलाई सरकारले ४५ दिनभित्र अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्नेछ। आयोगले पूर्ण रूपमा स्वतन्त्र, निष्पक्ष र व्यावसायिक ढङ्गले कार्य गर्ने प्रतिबद्धता जनाउँदै कसैको दबाब वा प्रभावमा नपरी जिम्मेवारी पूरा गर्नुपर्नेछ।

आयोगले लिखित, मौखिक, विद्युतीय माध्यम, सामाजिक सञ्जाल वा अन्य जुनसुकै माध्यमबाट पनि उजुरी सङ्कलन गर्नेछ। कार्यसम्पादनको सिलसिलामा आयोगले आवश्यकताअनुसार विभिन्न क्षेत्रका विज्ञको सल्लाह लिन सक्ने प्रावधान राखिएको भए पनि स्वार्थको द्वन्द्व भएका विज्ञलाई भने आमन्त्रण गर्न नपाइने कडा सर्त तय गरिएको छ।

यो आयोगको गठन २०८२ चैत १३ गतेको मन्त्रिपरिषद् बैठकबाट स्वीकृत 'शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीहरू' को बुँदा नम्बर ४३ मा उल्लिखित भ्रष्टाचारविरोधी प्रतिबद्धताअनुरुप भएको हो। हाल प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आयोगका लागि आवश्यक ३२ कर्मचारीको छनोट (स्क्रिनिङ) गरिरहेको छ।
आयोगको कामलाई पारदर्शी बनाउन त्यहाँ खटिने कर्मचारीले समेत कार्यभार सम्हालेको एक साताभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिएको छ।

# नीति, कार्यक्रम र बजेटमा बालबालिकालाई प्राथमिकता दिइने

काठमाडौँ, १० वैशाख (रासस)।

सङ्घीय संसद् र प्रदेशसभाका सदस्यहरुले सरकारको आगामी नीति, कार्यक्रम र बजेटमा बालबालिका क्षेत्रलाई प्राथमिकता दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

सांसदहरुले बालअधिकारमुखी बजेट र नीतिगत व्यवस्थाका लागि आफ्नो तर्फबाट भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै बाल संरक्षणका कार्यक्रम कार्यान्वयन हुनुपर्नेमा जोड दिनुभएको हो। बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियान (सिजप) ले बिहीबार सांसदहरूसँग आयोजना गरेको छलफल कार्यक्रममा विभिन्न पार्टीका सांसदहरूले बालबालिका र शिक्षामा हुने लगानी भविष्यको सुनिश्चितता भएकाले यस क्षेत्रमा बजेट वृद्धि हुनुपर्नेमा जोड दिनुभयो। बालबालिका क्षेत्रमा बजेट वृद्धि गर्ने, बालविवाह अन्त्यसम्बन्धी कार्ययोजनाको कार्यान्वयन, बालमैत्री स्थानीय शासनको प्रवर्द्धन, विद्यालय खाजा कार्यक्रमको वृद्धि, बाल पोषण भत्ता वृद्धि र देशभर विस्तार, बालबालिकासम्बन्धी ऐन र विद्यालय शान्ति क्षेत्र निर्देशिकाको संशोधनलगायत विषयमा सांसदहरुको समान मत रहेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य भूमिका श्रेष्ठले यौनिक तथा अल्पसङ्ख्यक बालबालिकाको सवाललाई प्राथमिकता दिनुपर्ने बताउनुभयो। नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य बासना थापाले बालअधिकारका लागि भएका अन्तरराष्ट्रिय अभिसन्धी, नेपालको संविधान र विद्यमान ऐन अनुसार उचित बजेट र कार्यक्रम ल्याइनुपर्ने बताउनुभयो।

नेकपा (एमाले) का राष्ट्रियसभाका सदस्य रोशनी मेचेले छलफलमा आएका अधिकारमुखी र सकारात्मक सुझावहरुलाई सदनमा आवाज उठाइने बताउनुभयो। नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का गणेश विकले बजेट निर्माणमा सांसदहरुको भूमिकालाई महत्त्व दिइनुपर्ने र बालबालिका क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो।

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिसभा सदस्य सरस्वती लामाले बाल विवाह अन्त्य, बाल हिंसाको अन्त्यजस्ता सवालमा सरकार गम्भीर हुनुपर्ने बताउनुभयो।

छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका ज्ञानु पौडेल, राजन गौतम, कांग्रेसका निनुकुमारी कर्ण, एमालेका साजिदा खातुन सिद्धिकी, एशुदाकुमारी बराल, नेकपाका पार्वती विकलगायत प्रतिनिधिसभा, राष्ट्रियसभा र बागमती प्रदेशसभाका गरी ३६ सांसद सहभागी हुनुहुन्थ्यो।

सिजपका अध्यक्ष तिलोत्तम पौडेलले जनसङ्ख्याको ३३ दशमलव ८४ प्रतिशत रहेका बालबालिकासम्बन्धी राष्ट्रिय गौरवका योजना हुनुपर्ने र बाल बजेट सङ्केत कायम हुनुपर्नेमा जोड दिनुभयो। सो अभियानले यसअघि महिला, बालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीलाई आगामी नीति, कार्यक्रम र बजेटमा समावेश हुनुपर्ने विषयहरुबारे ध्यानाकर्षण गराइसकेको छ।

## *हलिया मुक्ति ...*

भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या एक हजार दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घर परिवार सर्वेक्षण सञ्चालन गर्ने भनेको छ। एक हजार दिनभित्र पहिचान भएका वास्तविक सुकुम्बासीलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा घना शहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउनेपनि सरकारको योजना छ।

**संविधानमा छ, कार्यान्वयन छैन**

नेपालको संविधानले सबै खालको बाध्यकारी श्रमलाई निषेध गरेको छ। संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्ने हकसम्बन्धी मौलिक हकको पहिलो दफाले नै 'प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक' प्रदान गरेको छ। संविधानको धारा २४ ले हरेक नागरिकलाई जातीय छुवाछूतबिरुद्धको हक प्रदान गरेको थियो तर हलियामध्ये अधिकांशले आफू दलित श्रमिक हुनुको नाताले कार्यस्थलमा छुवाछूत ब्यहोरिरहेका छन्।

संविधानको धारा २९ ले हरेक नागरिकलाई शोषणविरुद्धको हक प्रदान गरेको छ। त्यसको उपधारा ३ ले कसैलाई पनि 'दास वा बाँधा बनाउन पाइने छैन' भनेर प्रष्ट रुपमा लेखेको छ। उपधारा ५ ले कसैले पनि बाँधा श्रमिक राखेमा त्यो दण्डनीय हुनेछ र पीडितले पीडकबाट क्षतिपूर्ति समेत पाउने भनेर उल्लेख गरेको छ। तर, हलियाहरू एक्काइसौँ शताब्दीमा पनि ऋणको ब्याज, साहुको जमिन वा जमिनमा झुप्रो बनाएबापत वा थोरै अन्न पाएबापत बाँधा श्रमिकको रुपमा कथित 'मालिक' कहाँ काम गरिरहेका छन्।

संविधानको धारा ४० (उपधारा ५) ले राज्यले 'भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्ने' तथा (उपधारा ६) ले 'आवासविहीन दलितलाई बसोबासको प्रबन्ध गर्नुपर्ने' उल्लेख गरेको छ। हलियामध्ये ९७ प्रतिशत दलित समुदाय रहेको राष्ट्रिय दलित नेटवर्क (आरडिएन) को तथ्याङ्क छ। आरडिएनका अनुसार हलियामध्ये ८९ प्रतिशत भूमिहीन र ३६ प्रतिशत हलिया आबासबिहीन छन्।
संविधानको धारा ५१ ले पनि 'मुक्त कमैया, कम्लहरी, हरवाचरवा, हलिया, भूमिहीन, सुकुम्बासीको पहिचान गरी बसोबासको लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने' विषय प्रष्टसँग भनेको छ।

मुक्त हलियाको पुनःस्थापनासँगै शिक्षा, स्वास्थ्य, रोजगारी, दिगो जीविकोपार्जन, सामाजिक सशक्तीकरण, समावेशीकरणसम्बन्धी मुद्दालाई सरकारले विशेष प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने महासङ्घका अध्यक्ष सुनारको भनाइ छ। सांसद तथा मुक्त हलिया आन्दोलनका अगुवा गणेश विकले भन्नुभयो, "कानुनी रुपमा कमैया र हरूवाचरुवाको हल गर्ने जिम्मा सङ्घीय सरकारलाई भए पनि हलिया समस्या समाधान भइसक्यो भनेर हलियासम्बन्धी काम गर्ने विभाग नै बन्द गरिदियो, १५ हजारभन्दा बढी गणनामै छैनन्, सरकारले २०७६ सालदेखि हलियाको लागि बजेट पनि छुट्याएको छैन।" छुटेका हलियाको तथ्याङ्क वडा कार्यालयले लिनुपर्ने उहाँको भनाइ छ। त्यहि अनसार जग्गाको लागि हो भने भूमि आयोगलाई र पुनःस्थापनाको लागि हो भने सरकारलाई सिफारिस गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "भूमि आयोगले अलियालाई जग्गा लिए पनि शिक्षा, रोजगारीलगायत पुनःस्थापनाको काम सरकारले गर्नुपर्छ।" हलिया अधिकारकर्मी डण्डीकुमार विक बिना आधार हचुवाको भरमा सरकारले हलियाको समस्या समाधान भयो भन्नु मुक्त हलियामाथि ठूलो अन्याय भएको बताउनुहुन्छ।

**अब के गर्ने ?**

संविधानले समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न मुक्त हलियालाई व्यवहारिक रुपमा पुनःस्थापना गर्न सरकारले दीर्घकालीन समाधान खोज्नुपर्छ। मानव अधिकार र सामाजकि न्यायको प्रत्याभूति दिन, राजनीतिक परिवर्तन, लोकतन्त्र र गणतन्त्रको अनुभुतति दिलाउन हलियाको समस्याको समस्या समाधान गर्नुपर्ने देखिन्छ।

दिगो विकास लक्ष्य हासिल गर्न, संविधानले सुनिश्चित गरेका मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न पनि हलिया प्रथा हटाउनुपर्छ। त्यसको लागि सरकारले सबैभन्दा पहिला छुटेका हलियाको लगत सङ्कलन गर्न जरुरी छ। ऋण खारेजी र मुक्तिको घोषणा गर्दै गास र बासको लागि जमिनको व्यवस्था, उच्च र व्यावसायिक शिक्षामा पहुँच र आधारभूत स्वास्थ्यमा पहुँच हुन आवश्यक छ।

## विश्व समाचार

### होर्मुज खुलाउन इरानद्वारा अस्वीकार

तेहरान, १० वैशाख (रासस/एएफपी)।

अमेरिकी नौसेनाको नाकाबन्दी जारी रहेसम्म विश्वकै अत्यन्त संवेदनशील तेल मार्ग स्ट्रेट अफ होर्मुज पुनः नखोल्ने स्पष्ट अडान इरानले लिएको छ। युद्धविराम लम्ब्याइए पनि व्यवहारमा उल्लङ्घन भइरहेको आरोप लगाउँदै तेहरानले रणनीतिक जलमार्गमा नियन्त्रण कडा बनाएको छ र दुई विदेशी जहाज जफत गरेको जनाएको छ।

यसैबीच क्षेत्रीय तनाव चर्किँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार युद्धविरामलाई केही समय कायम राख्ने घोषणा गर्दै पाकिस्तानको मध्यस्थतामा शान्ति वार्तालाई अवसर दिन चाहेको बताउनुभएको छ। इरानले भने पाकिस्तानको पहललाई स्वागत गरे पनि अमेरिकी घोषणाबारे थप प्रतिक्रिया दिएको छैन।

इस्लामाबादमा भएको प्रारम्भिक वार्तामा इरानी टोलीको नेतृत्व गर्नुभएका संसद्का अध्यक्ष मोहम्मद बाघेर घालीबाफले नौसैनिक नाकाबन्दी कायम रहँदा युद्धविरामको अर्थ नरहने स्पष्ट पार्नुभयो। उहाँका अनुसार युद्धविरामको स्पष्ट उल्लङ्घन भइरहेकाले होर्मुज जल डमरूमध्य खोल्ने अवस्था छैन।

फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमाथि आक्रमण गरेपछि तेल बजारमा अस्थिरता बढेको छ। युद्ध फेरि भड्किने आशङ्काले मूल्य उकालो लाग्दै आएको छ, यद्यपि अमेरिकी सेयर बजारले केही स्थिरता देखाएको छ। ट्रम्पले इरानको नेतृत्वलाई प्रस्ताव ल्याउन समय दिन खोजेको बताउनुभएको छ, जसलाई कतिपयले नयाँ युद्ध टार्ने कूटनीतिक प्रयासका रूपमा हेरेका छन्।

इरानले वार्तामा औपचारिक सहभागिता पुष्टि नगरेको अवस्थामा अमेरिकी उपराष्ट्रपति जेडी भान्सको इस्लामाबाद भ्रमण स्थगित भएको छ। तथापि, ट्रम्पले केही दिनभित्रै वार्ता पुनः सुरु हुन सक्ने बताउनुभएको छ। यसैक्रममा ट्रम्पले इरानले मृत्युदण्ड दिन लागेको भनिएका आठ महिलाको सजाय रोकिएको दाबी गरे पनि इरानी न्यायपालिकाले त्यसलाई 'गलत सूचना' भन्दै खारेज गरेको छ।

उता, इरानको इस्लामिक रिभोलुसनरी गार्ड कर्प्सले होर्मुज हुँदै जाने दुई जहाज नियन्त्रणमा लिएको जनाएको छ। तीमध्ये पनामा झण्डा बोकेको 'एमएससी फ्रान्सेस्का' र लाइबेरियाको 'एपामिनोन्डास' रहेको बताइएको छ। पनामाले यस घटनालाई समुद्री सुरक्षामाथिको गम्भीर आक्रमण भनेको छ भने बेलायतस्थित समुद्री निगरानी संस्थाहरूले पनि जल डमरूमध्यमा सैन्य गतिविधि बढेको पुष्टि गरेका छन्।

ओमान नजिकै एक कन्टेनर जहाजमाथि गोली प्रहार हुँदा संरचनात्मक क्षति पुगे पनि मानवीय क्षति नभएको रिपोर्ट सार्वजनिक भएको छ। उता, अमेरिकी सेनाले इरानी बन्दरगाहसँग सम्बन्धित जहाजहरू रोक्ने प्रयास जारी राखेको छ, जसले पूर्ण युद्ध बिना नै इरानमाथि आर्थिक दबाब बढाउने रणनीति देखिन्छ।

यसैबीच पेन्टागनले अमेरिकी नौसेनाका सचिव जोन फेलानले तत्काल पद छोड्ने घोषणा गरेको छ, तर यसको कारण खुलाइएको छैन। रक्षामन्त्री पीट हेग्सेथको नेतृत्वमा उच्च तहमा फेरबदल भइरहेको सङ्केत देखिएको छ।

इरानले अब होर्मुज हुँदै आवतजावत गर्ने जहाजहरूले अनुमति लिनुपर्ने व्यवस्था लागू गरेको छ। यसअघि युद्धविरामका बेला स्वतन्त्र आवागमन दिने बताएको इरानले अमेरिकी नाकाबन्दीपछि नीति कडा बनाएको हो। दुवै पक्षले एकअर्कालाई युद्धविराम उल्लङ्घनको आरोप लगाउँदै आएका छन्।

यता इरानसँगको तनावबीच लेबनान र इजरायलबीचको अवस्था पनि तनावपूर्ण नै रहेको छ। युद्धविराम घोषणा भए पनि इजरायली आक्रमणमा थप पाँच जनाको ज्यान गएको लेबनानी सञ्चारमाध्यमहरूले जनाएका छन्। सीमा क्षेत्रमा भएको हमलामा पत्रकार अमल खलिलको मृत्यु भएको र अर्की पत्रकार जीनाब फराज घाइते भएकी छन्।

फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले संयुक्त राष्ट्रसङ्घका शान्तिरक्षकहरूमाथि भएको आक्रमणमा घाइते भएका दोस्रो फ्रान्सेली सैनिकको पनि मृत्यु भएको जानकारी दिनुभयो। उक्त घटनाको जिम्मेवारी हिजबुल्लाहले अस्वीकार गरेको छ।

इजरायल र लेबनानबीच वासिङ्टनमा हुने दोस्रो चरणको वार्तामा युद्धविराम एक महिना थप गर्न आग्रह गरिने बताइएको छ। लेबनानले इजरायली आक्रमण रोक्न र युद्धविरामको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न दबाब दिने तयारी गरेको छ।

### करिब एक हजार अफगान शरणार्थी परिवारहरू एकै दिनमा स्वदेश फिर्ता

काबुल, १०वैशाख (रासस/सिन्ह्वा)।

लगभग एक हजार अफगान शरणार्थी परिवारहरू एकै दिनमा स्वदेश फर्केको बख्तार समाचार एजेन्सीले बिहीबार रिपोर्ट गरेको छ।

रिपोर्टका अनुसार छिमेकी इरान र पाकिस्तानबा सवै भन्दा धेरै ९४३ घर परिवारहरू स्वदेश फर्केका छन्। स्वदेश फर्कनेहरू पश्चिमी हेरात प्रान्तको इस्लाम काला, पूर्वी नङ्गरहार प्रान्तको तोरखाम र दक्षिणी कान्दाहार प्रान्तको स्पिन बोल्डकसहितका प्रमुख सीमा नाका पार गरी अफगानिस्तानमा प्रवेश गरेको जनाइउको छ।

हाल अफगानिस्तानले निरन्तर आर्थिक र सामाजिक चुनौतिहरूको सामना गरिरहेको अवस्थामा विभिन्न कठिनाइहरूको बाबजुद, उनीहरूले आफ्नो मातृभूमिमा आफ्नो जीवन पुनर्निर्माण गर्ने आशा बोकेर स्वदेश फर्केको जनाइएको छ।

# मधेस प्रदेशमा बालमृत्यु र कुपोषण उच्च, स्वास्थ्य बिमा र शिक्षामा पहुँच अझै कमजोर

धनुषा, १० वैशाख (रासस)।

जनकपुरधाममा बुधबार आयोजित एक कार्यक्रमबीच राष्ट्रिय तथ्याङ्क कार्यालयले नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ का प्रदेशस्तरीय नतिजा सार्वजनिक गरेको छपन ।

सर्वेक्षणले विशेषगरी मधेस प्रदेशमा बालमृत्यु, कुपोषण, किशोरी प्रजनन् दर र विद्यालय बाहिर रहेका बालबालिकाको अवस्था राष्ट्रिय औसतभन्दा चिन्ताजनक रहेको देखाएको छ।

प्रतिवेदनअनुसार मधेस प्रदेशमा नवजात शिशु मृत्युदरप्रति एक हजार जन्ममा २० र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर ३३ रहेको छ, जुन राष्ट्रिय औसतभन्दा माथि हो।

त्यस्तै, कुपोषणको अवस्था पनि गम्भीर देखिएको छ उमेरअनुसार तौल कम भएका ( लिखुरे) बालबालिका २३.२ प्रतिशत र उचाइ कम भएका (पुड्को) ३१.१ प्रतिशत रहेका छन्।

शिक्षा क्षेत्रमा पनि चुनौती देखिएको छ। कक्षा १-५ मा ९.२ प्रतिशत, ६-८ मा ८.२ प्रतिशत र ९-१२ मा २२.६ प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन्। प्रारम्भिक बाल शिक्षा कार्यक्रममा सहभागी हुने दर पनि मधेशमा २६.३ प्रतिशत मात्र रहेको छ।

स्वास्थ्य सेवाको पहुँचमा असमानता देखिएको छ। मधेस प्रदेशमा केवल ७०.४ प्रतिशत महिलाले सिफारिसअनुसार चार पटक पूर्वप्रसूति जाँच गराएका छन् भने स्वास्थ्य बिमा गर्नेको सङ्ख्या निकै न्यून छ महिला ६.६ प्रतिशत र पुरुष ३.९ प्रतिशत मात्र छ।

प्रजनन स्वास्थ्यतर्फ मधेसमा कुल प्रजनन् दर २.४ रहेको छ, जुन राष्ट्रिय औसत १.९ भन्दाबढी हो। किशोरी (१५-१९ वर्ष) प्रजनन् दर पनि उच्च (प्रति १००० मा ७१) देखिएको छ।

यद्यपि, केही सकारात्मक पक्ष पनि देखिएका छन्। मधेसमा ९८.५ प्रतिशत घरपरिवारमा विद्युत् पहुँच पुगेको छ भने ९४.७ प्रतिशतमा टेलिफोन सुविधा उपलब्ध छ। ७८.९ प्रतिशत घरपरिवारले इन्टरनेट प्रयोग गर्ने उपकरण प्रयोग गरिरहेका छन्।

खानेपानीतर्फ सुधारिएको स्रोत प्रयोग गर्नेको प्रतिशत उच्च (९९प्रतिशत) भए पनि ६५ प्रतिशत पानीमा 'इ-कोली' जीवाणु भेटिनु चिन्ताजनक रहेको प्रतिवेदनले देखाएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले नीतिनिर्माण, योजनातर्जुमा र दिगो विकास लक्ष्यको अनुगमनमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरेको छ। यो सर्वेक्षण युनिसेफ नेपालको सहयोगमा सञ्चालन गरिएको हो।

# विपद् आउनु अघि व्यवस्थापनको तयारीमा जुट्न निर्देशन

काठमाडौँ, १० वैशाख (रासस)।

विपद् आउनु अघि नै व्यवस्थापनको तयारी गर्न राष्ट्रियसभाका सदस्यहरुले निर्देशन दिनुभएको छ।

राष्ट्रियसभा, सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिको बिहीबार बसेको बैठकमा विपद्जन्य जोखिमको न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभको तयारीका विषयमा छलफलका क्रममा सो निर्देशन दिइएको हो। समितिका सभापति जयन्तीदेवी राईले अब मनसुन सुरु भएसँगै बाढीपहिरो जस्ता विपद्का घटना घटन सक्ने सम्भावना हुँदा त्यसको नियन्त्रणका लागि पूर्वतयारी जरुरी रहेको बताउनुभयो। सभापति राईले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई विपद् आउनु अघि नै व्यवस्थापनको तयारी गर्न निर्देशन दिनुभयो।

बैठकमा समितिका सदस्यहरु ललितजङ्ग शाही, श्रीकृष्णप्रसाद अधिकारी, दुर्गा गुरुङ, विष्णुकुमारी सापकोटा, धर्मेन्द्र पासवानलगायतले विपद् न्यूनीकरणका लागि जोखिम कम गर्ने कार्य योजना बेलैमा सुरु गर्नुपर्ने बताउनुभयो। समितिका सदस्य पासवानले मधेस सुक्खा, बाढी, आगलागी, हावाहुरी, शितलहर लगायतका प्राकृतिक प्रकोपको जोखिममा पर्ने हुँदा बेलैमा प्रभावकारी कार्य योजना बढाउन सुझाव दिनुभयो।

उहाँले भन्नुभयो, "सकेसम्म विपद् आउनु अघि नै हुन नदिने तयारीमा जोड दिनुपर्छ। भइसकेपछि व्यवस्थापनमा राहतको विषय प्राथमिकतामा राख्नुपर्छ।"

समितिको बैठकमा उपस्थीत गृह सचिव राजकुमार श्रेष्ठले विपद् व्यवस्थापनमा स्थानीय तहलाई बलियो बनाएर सहकार्य गर्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख दिनेशप्रसाद भट्टले विपद् व्यवस्थापनका लागि विगतमा गरिएका प्रयास र यो वर्ष गर्न लागिएको तयारीबारे समितिमा ब्रिफिङ गर्नुभयो। यसै क्रममा उहाँले विगतको तुलनामा गत वर्ष विपद्का कारण मानवीय क्षति कम भएको जानकारी दिनुभयो।

कार्यकारी प्रमुख भट्टले यसलाई सकारात्मक शिक्षाको रुपमा ग्रहण गर्दै आगामी विपद् जोखिमबाट सुरक्षित हुन प्राधिकरणले कार्य योजना बनाइसकेको बताउनुभयो। उहाँले कार्यपत्र प्रस्तुत गर्दै स्थानीय तह र त्यहाँका सरोकारवाला एवं सङ्घसंस्थासँग प्रत्यक्ष सहकार्य गरेर विपद् जोखिमका बेला अपनाउनु पर्ने आधार तयार गर्दै आएको सुनाउनुभयो।

सूचना संयन्त्रलाई व्यापक बनाउने, जनचेतना विस्तार गर्न सञ्चार माध्यमको प्रयोग बढाउनेदेखि विपद्सम्बन्धी सचेतना जगाउन विद्यालय पाठ्यक्रममा विषय समेट्नेलगायत दीर्घकालीन कार्य योजना बनाएको कार्यकारी प्रमुख भट्टले जानकारी दिनुभयो।

# वीरगञ्ज हुँदै ७९ अर्ब ५४ करोडको वस्तु तथा सामान निर्यात

पर्सा, १० वैशाख (रासस)।

वीरगञ्ज नाका हुँदै चालु आवको नौ महिनामा रु ७९ अर्ब ५४ करोड मूल्य पर्ने वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार गत आवको नौ महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने रु १० अर्ब १९ करोडअर्थात् १५ प्रतिशत बढी आयात भएको हो। जबकी गत आवको नौ महिनामा भने रु ६९ अर्ब ३५ करोड मूल्य बराबरको वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात भएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले चालु आवमा यो नाका हुँदै १५ प्रतिशत निर्यात बढेको बताउनुभयो। यो नाका हुँदै चालु आवको नौ महिनामा रु ४३ अर्ब ६१ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको छ। जबकी गत आवको सोही अवधिमा भने रु ३६ अर्ब ६२ करोड मूल्य पर्ने भटमासको तेल प्रशोधित निर्यात भएको थियो। चालु आवको नौ महिनामा पाँच अर्ब ८४ करोड मूल्य पर्ने फलफूलको जुस विदेशी मुलुकमा निर्यात भएको छ भने गत आवको सोही अवधिमा भने रु पाँच अर्ब ७७ करोड मूल्य बराबरको निर्यात भएको थियो।

त्यस्तै चालु आवको नौ महिनामा पाँच अर्ब २४ करोड मूल्यको प्रशोधित पाम तेल निर्यात भयो भने गत आवको सोही अवधिमा भने रु ५९ करोड मूल्यको मात्रै भएको थियो। चालु आवको नौ महिनामा रु पाँच अर्ब पाँच करोड मूल्य पर्ने सूर्यमुखीको प्रशोधित तेल निर्यात भयो भने गत आवको सोही अवधिमा भने रु छ अर्ब ६१ करोड मूल्यको भएको थियो। चालु आवको नौ महिनामा रु दुई अर्ब ६९ करोड मूल्यको विभिन्न किसिमका कपडा निर्यात भयो। त्यस्तै चालु आवको नौ महिनामा एक अर्ब ९४ करोड मूल्य पर्ने सिन्थेटिक यार्न निर्यात भएको वीरगञ्ज भन्सारले जनाएको छ।

# भ्रामक सूचना सम्प्रेषण नगर्न आग्रह

काठमाडौँ, १० वैशाख (रासस)।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले भ्रामक सूचना सम्प्रेषण नगर्न सबैमा आग्रह गरेको छ। पछिल्लो समय विभिन्न अनलाइन मिडिया तथा सामाजिक सञ्जालमार्फत आधारहीन, मिथ्या र भ्रामक सामग्री प्रकाशन तथा प्रसारण भइरहेको भन्दै मन्त्रालयले यसप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो।

मन्त्रालयद्वारा बुधबार जारी प्रेस विज्ञप्तिअनुसार यस्ता कपोलकल्पित सूचनाले आम नागरिकमा भ्रम सिर्जना गर्नुका साथै समाजमा गलत मनोविज्ञान फैलाउने काम गरिरहेका छन्। यसले सूचना प्रणालीप्रतिको विश्वास कमजोर बनाउने र सामाजिक सन्तुलनमा नकारात्मक असर पार्ने जोखिम रहेको मन्त्रालयले उल्लेख गरेको छ।

भ्रामक सूचना सम्प्रेषण गर्ने कार्यलाई अत्यन्त गम्भीरतापूर्वक लिएको जनाउँदै मन्त्रालयले त्यस्ता गतिविधि नियन्त्रणका लागि कडा कदम चालिने स्पष्ट पारेको छ। मन्त्रालयले सबै सञ्चारमाध्यम, सूचना प्रदायक संस्था तथा व्यक्तिलाई आधिकारिक निकायबाट पुष्टि नभएका समाचार तथा सूचना हचुवाका आधारमा प्रकाशन वा प्रसारण नगर्न सचेत गराएको छ। मन्त्रालयले यदि आधारहीन, मिथ्या र भ्रामक समाचार प्रकाशन वा प्रसारण भएको पाइएमा त्यस्ता सामग्री प्रकाशन गर्ने व्यक्ति वा संस्थालाई पहिचान गरी प्रचलित कानूनअनुसार कडा कारबाही गरिने चेतावनी दिएको छ।

त्यसैगरी, मन्त्रालयले भ्रामक सूचना फैलाउन सहयोग पुग्ने कुनै पनि क्रियाकलापमा संलग्न नहुन सर्वसाधारणलाई पनि आग्रह गरेको छ। सामाजिक सञ्जाल प्रयोगकर्ताहरूलाई कुनै पनि सामग्री आफ्नो व्यक्तिगत खातामार्फत साझा गर्नुअघि त्यसको आधिकारिकता र सत्यता अनिवार्य रूपमा जाँच गर्न अपिलसमेत गरिएको छ।

मन्त्रालयले यस्ता भ्रामक सूचना वा समाचारबारे जानकारी भएमा वा गुनासो भएमा मन्त्रालयको आधिकारिक वेबसाइटमा रहेको 'सामाजिक सञ्जाल गुनासो दर्ता' पोर्टलमार्फत विवरण उपलब्ध गराउन अनुरोध गरेको छ। साथै, आवश्यक परे फोन वा इमेलमार्फत पनि सम्पर्क गर्न सकिने जनाएको छ।

# चैतमा नौ सय विपद्का घटना, तीस जनाको मृत्यु

काठमाडौँ, १० वैशाख (रासस)।

गत चैतमा विपद्का घटनामा परी देशका विभिन्न भागमा ३० जनाको मृत्यु भएको छ।

आगलागी, हुरी, चटचाड, हिमपातलगायत दैवी विपत्तिमा परी १६ पुरुष, १० महिला र चार जना बालबालिकाको मृत्यु भएको हो।

दैवी विपत्तिमा परेर २२२ जना घाइते भएका छन्। विपद्बाट १९१ घर, ११७ गोठ र तीन सरकारी कार्यालयमा क्षति भउको छ भने ५२९ चौपाया मरेका छन्।

विपद्बाट रु ३३ करोड ७२ लाख ६१ हजार बराबरको क्षति भएको अनुमान छ। विपद् प्रतिकार्यमा चार हजार ८४१ प्रहरी परिचालन भएका प्रहरी प्रवक्ता अविनारायण काफ्लेले राससलाई जानकारी दिनुभयो।

विपद्बाट १४३ जना विस्थापित भएका छन्। सो अवधिमा कोशीमा २७२, मधेसमा १३६, बागमतीमा ८५, काठमाडौँ उपत्यकामा ३९, गण्डकीमा ९५, लुम्बिनीमा १२९, कर्णालीमा ५७ र सुदूरपश्चिम प्रदेशमा ९३ वटा विपद्का घटना भएका जनाइएको छ।

## १२ दिनदेखी एक ...

भारतको बनारसमा पहिल्यै देखि नै काम गर्दै आएका गाउँकै राधेश्याम यादवले छोरा विनोदलाई "फयाक्ट्रीमा काम लगाई दिन्छु" भन्दै लिएर गएको र बनारसमा अलपत्र छाडेको बुवा रामकृष्णले सुनाए।

छोरालाई फयाक्ट्रीमा काम लगाई दिने नाममा १८ हजार भारतीय रुपैयाँ समेत आफुसँग लिएर गएका राधेश्यामले छोरालाई त्यहाँ अलपत्र छाडेर हिडेको उनले बताएका छन्।

घाइते अवस्थामा फेला परेको छोरा विनोदलाई भारतीय प्रहरीको सहयोगमा उद्दार गरी अस्पताल भर्ना गरिएको उनले जनाएका छन्। उनले छोरालाई लिएर जाने राधेश्याम भने सम्पर्क बिहीन भएको र उनी विरुद्ध तत्काल भारतीय प्रहरीमा उजुरी गरिएको जानकारी समेत गराएका छन्।

## सरकारी विज्ञापन ...

नेपाल पत्रकार महासंघ आश्चर्यचकित र दुःखी भएको ज्ञापन पत्रमा उल्लेख छ।

सरकारी निर्णय र परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड र अभ्यास, नेपालको संविधानमा लिपिवद्ध पूर्ण प्रेस स्वतन्त्रता, सूचनाको हक, सञ्चारको हक, स्वतन्त्र पत्रकारिता, खुला अर्थ नीति र संघीयताको मर्मविपरित रहेको महासंघको ठहर छ।

यस्तै ज्ञापनपत्रमा उक्त निर्णय प्रेस स्वतन्त्रता, संवैधानिक व्यवस्था तथा नागरिकको मौलिक हक अन्तरगत सूचना र संचार हकको विपरीत भएको भन्दै अविलम्ब खारेज गर्नु पर्ने माग समेत गरिएको छ।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२/१०/१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरु:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४



**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*